नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

तनहुँ

फोन ०६५ ५६०१३३, ५६०१०१, ५६२६१३
फ्याक्स-:०६५-५६०१०७
Email- tanahundao@gmail.com
Email- tanahudao@gmail.com
Website- daotanahu..moha.gov.np

पत्र संख्या -:०७७/७८
चलानी नम्बर

मिति: २०७७।०८।१६

प्रमुख जिल्ला अधिकारी श्री सागर आचार्यबाट जारी भएको निषेधाज्ञा ।

कोभिड-१९ कोरोना भाईरसको संक्रमणको जोखिम कायमै रहेको, नेपाल सरकारले संक्रमक ऐन, २०२० को दफा २ बमोजिम समय समयमा जारी गरेका आदेशमा सभा, सम्मेलन, जुलुस, प्रर्दशनमा रोक लगाई रहेको अवस्था तथा जिल्ला प्रशासन कार्यालयले समय समयमा सभा, सम्मेलन, जुलुस, प्रर्दशन नगर्न अनुरोध गरि रहेको अवस्थामा तनहुँ जिल्लामा नेपाली कांग्रस समेतको सहभागितामा २०७७ मंसिर १७ गते ब्यास न.पा. वडा नं. १ र १०, ११ जोड्ने तालघरे दुम्सीचौर सडकको बुल्दी खेला पुल उद्घाटन गर्न लागेकोमा पूर्वाधार विकास कार्यालय, तनहुँको च.नं. १६७ मिति २०७७।०८।१६ को पत्रबाट उक्त उद्घाटन कार्यक्रम स्थगन गरिदिन अनुरोध भएको छ। कार्यक्रम नगर्न जिल्ला प्रशासन कार्यालय, तनहुँबाट पत्राचार समेत भईसकेको छ। सो विषयलाई लिएर राष्टिय युवा संघ, तनहुँ लगायतले विरोध प्रर्दशन गर्ने क़ार्यक्रम रहेको प्रर्चा, पम्पलेट र उनीहरुको गतिविधिको शुक्ष्म अनुगमनबाट समेत जानकारी भएको र झडपको पर्याप्त सम्भावना रहेको विश्लेषण भयो। उक्त परिस्थितीलाई सामान्य बनाई शान्ति सुरक्षा कायम गर्न स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ बमोजिम २०७७ मंसिर १७ गते दिनको १२.०० बजे देखि साँझ ६.०० बजे सम्म ब्यास नगरपालिका वडा नं. १ र १० को पृथ्वी राजमार्गमा चल्ने सवारी साधन बाहेक पश्चिम गल्फुबेसी, बुल्दीखोला पुल, उत्तर रानीगाउँ, पूर्व घाँसीकुवा, मुसीखोला र दक्षिण अर्मेनि चार किल्ला भित्र सभा, सम्मेलन, जुलुस, प्रर्दशन र ५ जना भन्दा बढी ब्यक्ति एक ठाउँमा जम्मा हुन नपाउने गरि निषेधाज्ञा जारि गरिएको छ। उल्लेखित आदेशको अवज्ञा भएमा स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा (३क) बमोजिम सजाय गरिने व्यहोरा समेत जानकारी गराईन्छ।

०७७।८।१६

(सागर आचार्य)

प्रमुख जिल्ला अधिकारी

प्रमुख जिल्ला अधिकारी